bhuvaneshwor.com



# नेपाली अदुवा निर्यातका गैरभन्सार अवरोध

नेपालमा कृषि क्षेत्रले जीवनयापनको लागि मुख्य आधार प्रदान गर्दै आएको छ । यहाँको कृषि प्रणाली परम्परागत प्रकारको छ र बहुसंख्यक घर-परिवार आफ्नो आवश्यकता परिपूर्तिका लागि विभिन्न बालीको खेती गर्ने गर्दछन् । यहाँका कृषकहरूले मुख्यरूपमा खाद्यबाली; तरकारी बाली; तथा सानोस्तरमा लशुन, अदुवा, खुर्सानीजस्ता मसलाजन्य बालीको समेत खेती गर्ने गर्दछन् । आजभोलि कतिपय स्थानमा सानोस्तरमा विभिन्न जडिबुटीको समेत खेती हुने गरेको पाइएको छ ।

योजनाबद्ध विकासको प्रारम्भ भएपछि देशमा पूर्वाधार एवं आर्थिक गतिविधि क्रमशः विस्तार हुँदै गएको पाइन्छ । यस्तो परिवर्तनले देशका विभिन्न भागमा कृषि उपजहरूको औपचारिक-अनौपचारिक बजार विकास हुन मद्दत पुऱ्याएका छन् । आरम्भमा आफूले उपयोग गरेर बाँकी रहेको उपज बिक्री गर्ने गरिएकोमा सन् ८० को दशकको मध्यदेखि भने कतिपय क्षेत्रमा व्यावसायिक उत्पादन शुरू हुन थाले । यसरी उत्पादन हुन थालेका वस्तुहरूमा मुख्यतः तरकारी; फलफूल; खुर्सानी, अदुवा, लशुन, प्याजजस्ता मसलाजन्य बाली आदि पर्दछन् जसलाई नगदे बाली भन्ने गरिन्छ ।

अदुवा सामान्यतया पकवान सामग्रीलाई वासनायुक्त तथा स्वादयुक्त बनाउन प्रयोग गरिन्छ । घरेलु औषधिको रूपमा समेत प्रयोग गरिने यो एक बहुपयोगी मसला बाली हो । परम्परागत उपचार पद्दतिअनुसार यसको उपयोगले वान्ता, अपचलगायतका समस्यालाई न्यूनिकरण गर्न, पाचन प्रणालीलाई दरिलो बनाउन एवं यसको तेलको उपयोगबाट थकान तथा विभिन्न खालको दुखाइ कम गर्न सकिन्छ । औषधि विज्ञानका अनुसन्धानहरूले पाठेघरको क्यान्सर हुनबाट रोक्ने एवं मानिसको रोगसँग लड्ने क्षमता बढाउने तत्व अदुवामा हुनसक्ने संकेत गरेका छन् । आजभोलि सौन्दर्य प्रसाधनका सामग्रीमा समेत यसको उपयोग बढ्दै गएको छ ।

दक्षिण एसियालाई अदुवाको उद्गमस्थल मानिन्छ । यहाँ परापूर्वकालदेखि नै अदुवाको उत्पादन र उपभोग हुँदै आएको

| तालिका १ | विश्वमा अदुवाको उत्पादन | |
|---|---|---|
| वर्ष | उत्पादन (मे. टनमा) | मिश्रित वार्षिक वृद्धिदर |
| १९९१ | ५९१.५ | - |
| १९९६ | ८४४.१ | ७.४ |
| २००१ | ११०७.५ | ५.६ |
| २००६ | १५८०.३ | ७.४ |
| २०११ | २०२५.६ | ५.१ |
| वार्षिक वृद्धिदरः १९९१-२०११ | | ६.३ |

स्रोतः *faostat.org*

| तालिका २ | नेपालबाट अदुवाको निर्यातको तथ्यांक | |
|---|---|---|
| आर्थिक वर्ष | परिमाण (मे. टनमा) | मूल्य (रू लाखमा) |
| २००८/०९ | २६७२४ | ४०३५ |
| २००९/१० | ३०४१६ | ४५६० |
| २०१०/११ | १३२३९ | २८१९ |
| २०११/१२ | २३९४१ | ५०७६ |
| २०१२/१३ | ६२८४३ | १३३२५ |

स्रोतः *tepc.gov.np*

छ । यसको उपयोगितासम्बन्धी अन्वेषण बढ्दै जाँदा अहिले अन्य क्षेत्रमा समेत उपभोग बढ्दै गएको देखिन्छ । सन् २०११ को तथ्यांकअनुसार विश्वमा कुल २० लाख मेट्रिक टनभन्दा बढी अदुवाको उत्पादन र व्यापार भएको थियो । यसमा सबैभन्दा धेरै भारतले करीब ७ लाख मेट्रिक टन उत्पादन गरेको देखिन्छ । त्यसपछि दोस्रो र तेस्रोमा क्रमशः चीन र नेपालले धेरै उत्पादन गरेका थिए । यसको उत्पादन गर्ने अन्य मुलुकहरूमा इन्डोनेसिया, बंगलादेश, जापान, क्यामरून, ताइवान आदि पर्दछन् ।

सन् २०१२/१३ मा विश्वको कुल अदुवा उत्पादनमा नेपालले १२ प्रतिशत योगदान गरेको थियो । यहाँ उत्पादित करीब साढे दुई लाख मेट्रिक टन अदुवामध्ये ६३ हजार मेट्रिक टन निर्यात भएको थियो । कुल निर्यातमध्ये ९५ प्रतिशत भारतमा उत्पादन भएको अवस्थामा नै तथा बाँकी मध्यपूर्वी एसियाली मुलुकहरू एवं जापान, अमेरिका र युरोपमा सुठोको रूपमा निर्यात भएको देखिन्छ ।

नेपालको मध्य-पहाडी क्षेत्रमा पहिलेदेखि नै अदुवाको उत्पादन हुँदै आएको छ । ती क्षेत्रका सबैजसो घर-परिवारले आफ्नो उपयोगका लागि यसको उत्पादन गर्ने गर्दथे । पछि, पहाडबाट तराईतिर बसाइ-सराइको क्रम आरम्भ भएपछि तराईका कतिपय जिल्लामा यसको खेती विस्तार भएको पाइन्छ । सन् २०१०/११ को तथ्यांकअनुसार, नेपालमा कुल १९०८१ हेक्टरमा यसको खेती भएको देखिन्छ । अदुवाको खेती एक श्रम सघनात्मक भएको, तथा धेरै घर-परिवार संलग्न रहने एवं महिलाहरूको समेत उच्च सहभागिता हुने भएकाले यसको व्यापार विस्तार गर्न सकेमा देशभित्र बृहत्, दिगो तथा समावेशी आर्थिक वृद्धिमार्फत् गरीबी निवारणको बृहत् उद्देश्यमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## अदुवाको व्यवसायीकरणको सान्दर्भिकता


अदुवाको खेतीका लागि नेपालको माटो एवं हावापानी ज्यादै उपयुक्त मानिन्छ । त्यसैले निर्वाहमुखी प्रणालीको वर्तमान परिवेशमा नै यसले भारत र चीनपछि सबैभन्दा बढी उत्पादन गर्दै आएको छ । अझ योजनाबद्ध ढंगले अगाडि बढ्ने हो भने यसको उच्च वृद्धिदर हासिल गर्न त्यति कठिन देखिदैंन । अर्कोतिर, देशभित्र र विश्व बजारमा अदुवाको माग दिनानुदिन बढ्दै गएको छ । निर्यात सम्भावनाको अध्ययन गर्ने Revelead Comparative Advantage को सूत्रबाट हेर्दा नेपाली अदुवाको निर्यात सम्भावना ज्यादै सकारात्मक रहेको देखिन्छ ।

## अदुवा व्यवसाय प्रवर्द्धनका लागि भएका प्रयास

कृषि क्षेत्रको व्यवसायीकरण एवं बजार प्रवर्द्धनका लागि सरकारले आवधिक योजनाहरूमा विभिन्न प्रयास गरेको छ । साथै समय-समयमा कृषिसँग सम्बन्धित विभिन्न नीति, रणनीति तथा कार्यक्रमहरू समेत ल्याएको छ । तर अदुवाको निर्यात सम्भावनालाई भने पहिलो पटक वाणिज्य नीति २००९ मा आत्मसात् गरिएको देखिन्छ । उल्लेखित नीतिमा १५ वटा महत्वपूर्ण जोड दिइएको क्षेत्र (thrust areas) मा अदुवालाई समेत समावेश गरिएको छ र यसको पकेट क्षेत्रको पहिचान, वस्तु विविधीकरण, एकीकृत सेवाको प्रबन्ध, तालिम कार्यक्रमको संचालन आदिका लागि विभिन्न प्रस्तावहरू अगाडि सारिएको छ ।

नेपाल एकीकृत व्यापार रणनीति (Nepal Trade Integration Strategy) २०१० मा अदुवाको सामाजिक-आर्थिक प्रभावलाई

कोष्ठक १ सन् २००२-१२ सम्म नेपालमा अदुवा उत्पादनको अवस्था (हजार मेट्रिक टनमा)




स्रोतः *www.factfish.com*

यथोचित मध्यनजर गरिएको छ । त्यसैले गरीबी निवारणको बृहत् उद्देश्यमा सहयोग पुग्ने अपेक्षासहित यसको उत्पादन वृद्धि तथा निर्यात प्रवर्द्धनका लागि खेतीको विस्तार, तथा उत्पादन विकास र विविधीकरणका लागि विभिन्न सुधारको प्रस्ताव गरिएको छ ।

त्रिवर्षीय योजना-२०१०/११ ले परिवर्तित सन्दर्भमा खाद्य तथा नगदे बालीबाट लाभ हासिल गर्न बजारको आवश्यकतालाई समेत सम्बोधन गर्नुपर्ने पक्षलाई जोड दिएको छ । यस दिशामा उल्लेखित योजनामा जैविक खेती, गुणस्तर परीक्षण तथा प्रमाणीकरण, कृषि शिक्षा तथा अनुसन्धान, एवं प्रविधि विकासमा जोड दिइएको छ । त्यसैगरी, तेह्रौँ योजना-२०१३/१४ मा पनि नेपाल एकीकृत व्यापार रणनीतिले पहिचान गरेका वस्तुहरूको निर्यात प्रवर्द्धन गर्नुपर्ने विषयलाई नै जोड दिइएको छ । यी विविध प्रयासका बावजुद अदुवाको व्यवसायीकरण र व्यापार प्रवर्द्धनमा हालसम्म खास उपलब्धि चाहिँ हासिल भएको पाइन्न । यससन्दर्भमा पहिचान भएका केही समयस्याबारे तल चर्चा गरिएको छ ।

## समस्या

**उत्पादनसम्बन्धी दृष्टिकोणमा समस्याः** नेपाली कृषकहरूले अदुवाको खेती सामान्यतया आफ्ना करेसावारी र स-साना टुक्रे जमीनमा गर्दै आएका छन् । त्यस्तो खालको उत्पादन पद्दतिको कार्य-कुशलता तुलनात्मक रूपमा न्यून हुने गर्दछ । स-सानोस्तरमा तर व्यापक क्षेत्रमा यस्तो खेती हुँदा सरकारले प्रदान गर्ने कृषि प्रसार सेवासमेत खर्चिलो हुन जान्छ । तसर्थ पकेट क्षेत्रमा सहकारी खेती, करार खेती वा त्यस्तै प्रकारको सामुहिक खेतीलाई प्रवर्द्धन गर्नु आवश्यक छ । त्यस्तै व्यावसायिक उत्पादनको सोचका साथ ती क्षेत्रमा कृषि प्रसार सेवाको विस्तार, भौतिक पूर्वाधार तथा उद्यमशीलताको विकास एवं मूल्य अभिवृद्धिका कार्यक्रम ल्याउनुपर्ने हुन्छ । नेपाली अदुवालाई सफा गरेर निर्यात गर्न सकियो भने पनि अहिलेभन्दा बढी मूल्य प्राप्त गर्न सकिने अवस्था रहन्छ ।

**परम्परागत खेती प्रणालीः** नेपालमा अदुवाको खेती प्रणाली परम्परागत प्रकारको छ । मूलतः आधुनिक कृषि विज्ञानको उपयोग गरेर उच्च उत्पादकत्व भएका जातको विकास तथा उपयोग गर्न अझै सकिएको छैन । अहिले नेपालमा खेती गरिने जातको अदुवा बीउको ५ गुणामात्र फल्ने गर्दछ । अर्थात् कुल उत्पादनको २० प्रतिशत आउने वर्षको बीउका लागि राख्नुपर्ने हुन्छ । बाँकी उत्पादनबाट घरायसी उपभोगका लागि कटाएर ज्यादै थोरै परिमाण मात्र बेचबिखनका लागि रहने गर्दछ । तसर्थ स-सानो सुधारले उत्पादकत्व र व्यवसायीकरणमा तात्विक अन्तर पार्न सकेको छैन ।

**पूर्वाधारको अभावः** कच्चा अदुवामा यथोचित हावा र चिसोपना कायम गर्न नसके कुहिएर वा सुकेर जाने सम्भावना हुन्छ । यस्तो हानिबाट जोगाउन कृषकहरूको समीपमा विभिन्न पूर्वाधारको व्यवस्था गर्नुपर्ने हुन्छ । तर उल्लेखित पक्षको अभावका कारण कृषकहरूले आफ्नो उत्पादन नजिकैको विचौलियालाई अत्यन्त कम मूल्यमा बिक्री गरिरहेका छन् । तसर्थ नेपाली कृषकले अन्तिम मूल्यमा उच्च हिस्सेदारी प्राप्त गर्न उनीहरूका उत्पादनका लागि स्वच्छ भण्डारण एवं पर्याप्त चिस्यान केन्द्रहरू, तथा अदुवा धोइ-पखाली सुकाउन आवश्यक पर्ने पूर्वाधारको विकास र विस्तार तथा यससम्बन्धी तालिम कार्यक्रमको प्रबन्ध गर्नुपर्ने हुन्छ ।

**व्यापारमैत्री वातावरणको अभावः** व्यापारमैत्री वातावरण सृजना गर्न केन्द्रीयस्तरमा विभिन्न नीतिगत तथा कानूनी प्रयासहरू भएका छन् । तर स्थानीय निकायहरूले भने अदुवालगायत सबैजसो निर्यातजन्य क्षेत्रलाई रोजगारी सृजना गर्नेभन्दा पनि राजस्वको स्रोतको रूपमा लिने गरेका छन् । उदाहरणका लागि इलामको एउटा गाउँबाट झापासम्म एक ट्रक (१० मेट्रिक टन) अदुवा ल्याउनु पर्दा सम्बन्धित गाउँ विकास समितिमा रू ४०० र जिल्ला विकास समितिमा रू ४००० गरेर प्रतिकेजी कुल रू ४.४० अतिरिक्त खर्च लाग्ने गर्दछ । सल्यानमा यस्तो खर्च प्रतिकेजी रू ५.५० पर्दछ । साथै राजनीतिक संरक्षण पाएका केही अराजक व्यक्ति/समूहहरूको अवरोधका कारण पनि कतिपय स्थानमा अवैध रकम तिर्नुपर्ने हुन्छ । यस्तो प्रवृत्तिले अन्तर्राष्ट्रिय बजारमा नेपाली अदुवालाई अप्रतिस्पर्धी बनाउन मद्दत पुऱ्याएका छन् ।

**गैरभन्सार अवरोधः** नेपाली अदुवाको निर्यात मूलतः भारतमा हुने गर्दछ । सहज तथा परम्परागत व्यापारिक सम्बन्ध भएका कारण नेपाली व्यवसायीका लागि अन्य मुलुकको तुलनामा भारतीय बजारमा आयातकर्तासम्म पुग्न त्यति गाह्रो छैन । तर त्यहाँ नेपाली अदुवा निर्यात गर्दा मानव, पशु तथा वनस्पति स्वास्थ्य (sanitary and phytosanitary-SPS) सँग सम्बन्धित विभिन्न परीक्षणजस्ता गैरभन्सार अवरोधहरूको सामना गर्नुपर्ने हुन्छ ।

नेपाल-भारत भन्सार नाकाहरूमा नेपालतर्फ क्वारेन्टाइन चेकपोष्ट स्थापना गरिएको छ । ती चेकपोष्टहरूले अदुवाको सन्दर्भमा माटोको कण भए-नभएको तथा अवाञ्छित झारपातका बीउ भए-नभएको परीक्षण गरेर प्रमाणपत्र प्रदान गर्दछन् । तर निर्यात प्रक्रिया अगाडि बढाउन उल्लेखित परीक्षणहरू अपर्याप्त भएको भनेर अतिरिक्त रकम माग गरिन्छ । त्यस्तै, निर्यातका लागि लगिएको अदुवाको प्रत्येक पटकको नमुना परीक्षण भारतको खाद्य मिसावट ऐनबमोजिम तोकिएका प्रयोगशालामा गराउनुपर्ने हुन्छ । नेपालबाट सबैभन्दा नजिक रहेका त्यस्ता प्रयोगशाला कोलकाता, लखनउ तथा दिल्लीमा छन् । यस्तो परीक्षण गरेर प्रमाणपत्र प्राप्त गर्न कम्तिमा ३ हप्ता र नेपाली रू ५००० खर्च लाग्ने गर्दछ ।

## सुझाव

नेपालबाट निर्यात हुने वस्तुहरूमा प्राथमिक वस्तुहरूको हिस्सेदारी उल्लेख्य रहेको छ । ती वस्तुहरू मुख्यतः भारतीय बजारमा निर्यात

### कोष्ठक-२ व्यावसायिक प्रवर्द्धनका लागि कसले के गरे

अदुवाको व्यावसायिक प्रवर्द्धनका लागि के-कस्ता उपाय अवलम्बन गर्नुपर्दछ भनेर सरकारी तथा गैरसरकारीस्तरमा विभिन्न अध्ययनहरू भएका छन् । तीमध्ये नेपाल सरकारले संचालन गरेको राष्ट्रिय मसलाबाली कार्यक्रमले उत्पादन प्रणाली, रोग नियन्त्रण, बाली विकासका सन्दर्भमा विभिन्न अध्ययन गरेको छ । राष्ट्रिय अदुवाबाली अनुसन्धान केन्द्रले भने जात विकास एवं भण्डारणका उपयुक्त प्रविधिको अनुसन्धान र विकासको लागि कार्य गर्दै आएको छ । केही गैरसरकारी संस्थाहरूले चाहिँ मूल्य श्रृंखला (value chain) मा अध्ययन गरेर सुझावहरू प्रदान गरेका छन् ।

गरिन्छ । तर अदुवालगायत धेरैजसो प्राथमिक वस्तुको निर्यातमा गैरभन्सार अवरोधहरू दिन-प्रतिदिन पेचिलो बन्दै गएका छन् । ती अवरोधले निर्यातलाई बाधा पार्ने, झण्झटिलो र खर्चिलो बनाउने तथा मूल्य गिराउनसमेत भूमिका खेल्ने गर्दछन् । तसर्थ त्यस्ता अवरोधबाट बच्न, यससम्बन्धी प्रशासनिक झण्झटको समाधान गर्न तथा आयातकर्ताको सरोकारलाई समेत सम्बोधन गर्न तुलनात्मक रूपमा कम समय र आर्थिक श्रोत आवश्यक पर्ने एवं चाँडै परिणाम दिनसक्ने खालका केही सुझावहरू यहाँ उल्लेख गरिएको छ ।

**आन्तरिक नीतिगत सुधारः** अदुवालगायत कृषिजन्य वस्तुहरूमा रहेका गैरभन्सार अवरोधलाई सम्बोधन गर्न विभिन्न संस्थागत पहलमार्फत् राष्ट्रिय क्षमताको अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसका लागि एकीकृत कीरा व्यवस्थापन प्रविधि, उत्तम कृषि अभ्यास, कीटनाशक पदार्थको अवशेष निगरानी (Pesticide residue monitoring) सम्बन्धी कार्य तदारूकताका साथ अगाडि बढाउनु आवश्यक छ । क्षेत्रीयस्तरमा उल्लेखित विषयमा अनुगमन, सुपरिवेक्षण तथा समन्वयलाई प्रभावकारी बनाउन सार्वजनिक निजी सम्वादको संरचनाको विकास गर्नुपर्ने हुन्छ । यो प्रक्रियामा सम्बन्धित सरकारी निकाय, सुरक्षा अधिकारी, केन्द्रीय तथा स्थानीय जनप्रतिनिधि, निजी क्षेत्र, वस्तुगत संस्थाका प्रतिनिधि, भन्सार एजेण्ट आदिको सहभागिता सुनिश्चित गरिनुपर्दछ ।

**गुणस्तर प्रमाणीकरणको सुधारः** सरकारले विश्वव्यापी मान्यताको आइएसओ १७०२५ प्रमाणित प्रयोगशाला स्थापना गर्न कार्य गरिरहेको छ । तर यो प्रक्रिया लामो भएकोले तत्काल लाभ प्राप्त गर्न भारतसँगको सहकार्य र समन्वय बढी प्रभावकारी हुन सक्दछ । विद्यमान नेपाल-भारत वाणिज्य सन्धिले एक-अर्का देशका स्वास्थ्य एवं SPS सम्बन्धी परीक्षणलाई मान्यता दिन निर्देश गरेको छ । तसर्थ अब नेपालले अदुवासहित केही निश्चित वस्तुमा भारतीय बजारको सरोकार तथा त्यहाँको मापदण्डबमोजिम परीक्षणको व्यवस्था गर्नुपर्ने हुन्छ । यसका लागि भारतीय सहयोग र सहकार्यमा यहाँको प्रयोगशालाको स्तर वृद्धि, क्षमता विकास तथा आपसी मान्यताको सम्झौताका लागि पहल आवश्यक देखिन्छ ।



www.ekantipur.com

**क्षेत्रीयस्तरका सूचना केन्द्रको संचालनः** देशका क्षेत्रीय व्यापारिक केन्द्रहरूमा गैरभन्सार अवरोधसम्बन्धी सूचना केन्द्रहरूको स्थापना गर्न सकिन्छ । यहाँनेर गैरभन्सार अवरोधको विषयमा जानकारी दिने ट्रेड पोर्टलको संचालन गर्दा लाभदायक हुने देखिन्छ जसको संचालन सम्बन्धित वस्तुगत संस्थाले गर्न सक्दछ । त्यस्तो पोर्टलले व्यवसायीहरूले सामना गर्नुपरेका त्यस्ता अवरोधका साथै मूल्य एवं बजारसम्बन्धी सूचनाहरूको संकलन एवं प्रसार गर्नेछन् । साथै त्यस्तो पोर्टललाई मोबाइल प्रणालीमा आबद्ध गर्न सके सम्बन्धित सरोकारवालाले सूचनाहरू समयमा नै प्राप्त गर्न सक्दछन् । यसरी संकलित सूचनाहरूले केन्द्रस्तरीय वस्तुगत संस्था, उद्योग वाणिज्य महासंघ तथा सरकारलाई आन्तरिक सुधार तथा दुईदेशीय वार्ताका लागि सन्दर्भ सामग्रीको रूपमा सहयोग पुऱ्याउन सक्दछन् ।

**स्थानीयस्तरमा दुईपक्षीय व्यापार सहजीकरण समितिको सक्रियताः** विद्यमान नेपाल-भारत वाणिज्य सन्धिले भन्सार नाकाको स्तरमा दुईपक्षीय संयुक्त व्यापार सहजीकरण समितिको परिकल्पना गरेको छ । त्यस्तो समितिको नेतृत्वमा दुई देशका स्थानीय भन्सार प्रमुखहरू हुनेछन् । वास्तवमा यो समितिको परिकल्पना अदुवालगायत चाँडै नास भएर जाने (perishable) वस्तुको आवत-जावतलाई सहज बनाउने उद्देश्यले तत्काल आपसी छलफलबाट समस्या समाधान गर्ने मनसायले गरिएको हो । तर व्यवसायीहरूले त्यस्तो कुनै समस्या औपचारिक तवरबाट स्थानीय भन्सार कार्यालयमा जानकारी नगराएको हुनाले यो समिति सक्रिय नभएको भन्ने गरिन्छ । नेपालको तर्फबाट यस्तो समितिको सक्रियताका लागि पहल थाल्नुपर्ने देखिन्छ । यससन्दर्भमा दुई पक्षीय वार्ताहरूमा यो मुद्दालाई अगाडि बढाउनु आवश्यक छ । ■

## थप जानकारी र प्रतिक्रियाका लागि

sawtee

सावती (South Asia Watch on Trade, Economics and Environment–SAWTEE), पो.ब.नं.: १९३६६, टुकुचा मार्ग, काठमाडौं
फोनः ४४२४३६०, ४४४४४३८, फ्याक्सः ४४४४५७०, इमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एसियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एसियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एसियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ ।

यो नीतिसार सावती र द एसिया फाउण्डेशनको सहकार्यमा संचालित परियोजना *Better Harnessing the Export Potential of Ginger* अन्तर्गत सावतीका वरिष्ठ परामर्शदाता पुरूषोत्तम ओझाले गर्नुभएको अध्ययन Innovative Approaches to Reducing NTBs and Para-tariff Barriers: Case of Ginger Exports from Nepal मा आधारित भएर सावतीका वरिष्ठ कार्यक्रम अधिकृत प्रकाश घिमिरेले तयार पार्नु भएको हो । यसमा प्रकाशित विचार तथा मान्यताहरू सावती र द एसिया फाउण्डेशनका नहुन पनि सक्छन् ।
कपिराइटः सावती, २०७१, सज्जाः विपेन्द्र घिमिरे, मुद्रकः जगदम्बा प्रेस, ललितपुर ।